# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक






राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १९९ | शनिवार, १९ वैशाख, २०८३ | Saturday, 2 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


# स्थानीय तहबाटै प्यान कार्ड सम्बन्धी सेवा दिने निर्णय कार्यान्वयनमा ढिलाइ

**काँक्रेविहार संवाददाता**
सुर्खेत, १८ वैशाख

नेपाल सरकार मन्त्रिपरिषद्को गत कात्तिक १७ गतेको निर्णयअनुसार आन्तरिक राजस्व विभाग अन्तर्गतका सबै करदाता सेवा कार्यालयहरू खारेज गर्ने प्रक्रिया अघि बढाइएको छ।

यससँगै ती कार्यालयबाट हुँदै आएका सेवाहरू अब सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय तहबाट सञ्चालन हुने व्यवस्था गरिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सिंहदरबारबाट जारी गरेको पत्रमार्फत उक्त निर्णय कार्यान्वयनका लागि आवश्यक कार्य सञ्चालन कार्यविधि र समझदारी पत्र स्वीकृत भई सम्बन्धित निकायहरूमा पठाइएको छ।

मन्त्रालयले सेवा प्रवाहमा सहजीकरण गर्न सबै सरोकारवाला निकायलाई आवश्यक सहयोग गर्न अनुरोध गरेको छ। तर सरकारले स्थायी लेखा नम्बर (प्यान कार्ड) सम्बन्धी सेवा स्थानीय तहबाटै उपलब्ध गराउने नीति अघि सारे पनि कर्णाली प्रदेशमा यसको कार्यान्वयन हुन सकेको छैन।

हालसम्म कुनै पनि स्थानीय तहले प्यान दर्ता तथा वितरण सेवा सुरु नगरेको पाइएको छ, जसका कारण सेवाग्राहीहरू समस्यामा परेका छन्।

सरकारले स्थायी लेखा नम्बर प्रमाणपत्र (प्यान कार्ड) स्थानीय तहबाटै सेवा प्रवाह सञ्चालन गर्ने भनेपछि  जुम्लाका स्थानीय तहले प्यान कार्ड र करसम्बन्धी सेवा अझै सञ्चालनमा ल्याउन सकेका छैनन्।

जुम्लाको सिञ्जा गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालले गाउँपालिकाबाटै स्थायी लेखा नम्बर (प्यान कार्ड) जारी गर्ने दुई कर्मचारीले तालिम लिइसकेको जानकारी दिए।

चाहिने सबै प्रक्रिया पूरा भइसकेको भन्दै आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरेर चाँडै करदाता सेवा सञ्चालन हुने उनले बताए। यता गुठीचौर गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर बुढ्थापाले चाहिने प्रविधि उपकरणको व्यवस्थापन र कर्मचारीलाई तालिम दिएर गाउँपालिकाबाटै करदाता सेवा सञ्चालन छिट्टै गरिने बताए।

सरकारले स्थानीय तहबाटै स्थायी लेखा नम्बर लिन सकिने व्यवस्था गरे पनि त्यहाँका स्थानीय तहले भने उक्त सेवा सञ्चालनमा ल्याउन सकेका छैनन्। गाउँपालिकाको राजस्व शाखालाई करदाता सेवा प्रवाह शुभारम्भ गर्ने चाहिने आवश्यक प्रक्रिया पूरा गर्न निर्देशन दिएको कनकासुन्दरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिपेन्द्र भण्डारीले जानकारी दिए।

स्थानीय तहबाटै स्थायी लेखा नम्बर (प्यान कार्ड) वितरण गर्ने कार्य सञ्चालनमा ल्याउन पटकपटक स्थानीय तहलाई जानकारी दिँदा पनि कुनै सुनुवाइ नभएको आन्तरिक राजस्व कार्यालय जुम्लाका प्रमुख कर अधिकृत प्रभात घिमिरे बताउँछन्।

'स्थानीय तहले करदाता सेवा सञ्चालन ल्याउन सके पालिकाबाटै व्यावसायिक तथा व्यक्तिगत प्यान नम्बर लिनेलाई सहज हुने देखिन्छ' उनले भने, 'स्थानीय तहलाई चाहिने केही करसम्बन्धी प्राविधिक सहयोगका लागि आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरिनेछ।'

जिल्लाका आठ वटै स्थानीय तहले करदाता सेवा सञ्चालन गरेका खण्डमा पालिकाबाटै व्यक्तिगत तथा व्यवसायी स्थायी लेखा नम्बर जारी हुनेछ।

व्यवसायलाई आयकर दर्ता कार्य, आयकर दर्तामा कारोबार थप गर्ने कार्य, स्थायी लेखा नम्बर दर्तासँगै सम्बन्धित संशोधन कार्य गर्ने र दर्ता खारेजी भएका व्यावसायिक स्थायी लेखा नम्बरलाई व्यक्तिगत स्थायी लेखा नम्बरमा रूपान्तरण गर्ने कार्य हुनेछ।

सरकारले आन्तरिक राजस्व विभागअन्तर्गतको करदाता सेवा कार्यालय खारेज गरेर उक्त कार्यालयको सेवा स्थानीय निकायबाट प्रदान गर्ने व्यवस्था गरे पनि कार्यान्वयनमा कर्णालीका स्थानीय तहलाई चुनौती छ।




*मन्त्रालयले सेवा प्रवाहमा सहजीकरण गर्न सबै सरोकारवाला निकायलाई आवश्यक सहयोग गर्न अनुरोध गरेको छ। तर सरकारले स्थायी लेखा नम्बर (प्यान कार्ड) सम्बन्धी सेवा स्थानीय तहबाटै उपलब्ध गराउने नीति अघि सारे पनि कर्णाली प्रदेशमा यसको कार्यान्वयन हुन सकेको छैन।*

## सहज सेवा प्रदान गर्न जोड

स्थानीय तहमा प्राविधिक जनशक्ति अभाव, आवश्यक पूर्वाधारको कमी र समन्वयमा ढिलाइका कारण सेवा सञ्चालनमा अवरोध देखिएको सरोकारवालाहरू बताउँछन्। करदाता सेवा कार्यालयहरू खारेज भइसकेपछि वैकल्पिक व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा कर प्रशासनमा अन्योल बढेको हो।

विज्ञहरूका अनुसार सेवा हस्तान्तरणको स्पष्ट मार्गचित्र, तालिम तथा स्रोतसाधन व्यवस्थापन बिना स्थानीय तहबाट प्रभावकारी सेवा प्रवाह सम्भव नहुने देखिन्छ। उनीहरूले सरकारलाई तत्काल आवश्यक तयारी पूरा गरी नागरिकलाई सहज सेवा उपलब्ध गराउन सुझाव दिएका छन्।

सरकारले भने निकट भविष्यमा सबै स्थानीय तहमा प्यान सेवा सञ्चालन गर्ने तयारी भइरहेको जनाएको छ। तर कर्णालीका सेवाग्राहीहरूले कहिलेदेखि सहज रूपमा सेवा पाउने भन्ने प्रश्न भने अझै अनुत्तरित रहेको छ। राजस्व प्रशासनलाई लागत-प्रभावी बनाउने र कर सहभागिता बढाउने उद्देश्यसहित नेपाल सरकारले कर प्रणालीमा व्यापक संरचनात्मक सुधार अघि बढाएको हो।

सूचना प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउने नीति अनुसार अब करदाता सेवा कार्यालयहरूको भूमिका क्रमशः घटाइँदै लगिएको छ। आन्तरिक राजस्व विभागले हालसम्म ठूला करदाता कार्यालय एक, मध्यमस्तरीय करदाता कार्यालय एक, आन्तरिक राजस्व कार्यालय ४६ र करदाता सेवा कार्यालय ३६ गरी कुल ८४ वटा कार्यालयमार्फत सेवा प्रदान गर्दै आएको थियो। तर पछिल्ला वर्षहरूमा इसेवाको तीव्र विस्तार भएसँगै भौतिक रूपमा सञ्चालन हुने करदाता सेवा कार्यालयहरूको औचित्य कम हुँदै गएको निष्कर्ष निकालिएको छ।

यही सन्दर्भमा, करदाता सेवा कार्यालयहरूको सञ्चालनले राजस्व संकलनमा लागत खर्च बढाएको र डिजिटल रूपान्तरणको लक्ष्यसँग नीतिगत द्विविधा सिर्जना गरेको ठहर गर्दै नेपाल सरकार मन्त्रिपरिषद्ले करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय गरेको हो।

सरकारका अनुसार खारेज गरिएका कार्यालयबाट प्रवाह हुँदै आएका सेवाहरू अब कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) र स्थानीय तहमार्फत विकेन्द्रीकृत तथा डिजिटल माध्यमबाट उपलब्ध गराइनेछ। यसले सेवाग्राहीलाई स्थानीय स्तरमै सेवा उपलब्ध गराउने तथा प्रशासनिक खर्च घटाउने अपेक्षा गरिएको छ।

यो कदमले दीर्घकालमा राजस्व प्रणालीलाई थप दिगो र प्रविधिमैत्री बनाउने भए पनि कार्यान्वयन पक्षमा पर्याप्त तयारी, प्राविधिक जनशक्ति र पूर्वाधारको आवश्यकता पर्नेछ। स्थानीय तहहरूमा डिजिटल क्षमता विस्तार नगरी सेवा हस्तान्तरण गर्दा सेवाग्राहीले समस्या भोग्न सक्ने चेतावनी पनि दिइएको छ।

सरकारले भने डिजिटल पूर्वाधार विकासमा लगानी बढाउँदै सेवा प्रवाहलाई सरल, छरितो र पारदर्शी बनाउन जरुरी छ।


सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।


# मितव्ययिताका नाममा कर्णालीका स्थानीय तहलाई नेपालगञ्जमा तालिम



**काँक्रेविहार संवाददाता**
सुर्खेत, १८ वैशाख

महालेखा नियन्त्रकको कार्यालयले कर्णाली प्रदेशका स्थानीय तह (सबै)लाई दिन लागेको एउटा तालिम मितव्ययिताका नाममा सुर्खेतबाट नेपालगञ्ज सारिएको छ।

वैशाख २४ र २५ गते महालेखाले 'स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणालीमा बजेटिङ, खर्च लेखाङ्कन र प्रतिवेदन लगायत प्रणालीमा भएको पछिल्लो अद्यावधिक विषयमा अभिमुखीकरण तालिम' दिँदैछ।

कर्णालीका स्थानीय तहलाई दिन लागेकाले त्यसका लागि सुरुमा वीरेन्द्रनगरको शुभ होटलमा तालिम आयोजना गर्ने परिपत्र जारी भयो। शुभ कर्णालीको ठुलो होटलमा पर्छ।

तर, वैशाख १५ गते उक्त तालिम नेपालगञ्ज गर्ने गरी उर्दी भएको छ। एक पत्र जारी गर्दै महालेखाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सार्वजनिक खर्च मितव्ययिताका लागि तालिम, कार्यक्रम सरकारी हलमा सञ्चालन गर्नुपर्ने भन्ने परिपत्र अनुसार, प्रदेश सुशासन केन्द्र नेपालगञ्ज गर्ने भनेको छ।

कर्णाली प्रदेशभित्र हुनुपर्ने कार्यक्रम मितव्ययिताको नाममा लुम्बिनी प्रदेशको नेपालगञ्ज राखेपछि प्रश्न उठेको छ। नेपालगञ्ज सुर्खेतबाट ४ घण्टाको सवारी दुरीमा पर्छ। त्यसो हुँदा थप खर्च बढ्छ नै।

सुर्खेतमै पर्याप्त मात्रामा सरकारी हल रहे पनि नेपालगञ्ज सारेर मितव्ययिताका नाममा अनावश्यक खर्च थपेको भन्दै सुर्खेत-२ बाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने रास्वपाका सांसद रमेशकुमार सापकोटाले प्रश्न उठाएका छन्। सुर्खेतमा सिटी हल, प्रदेश सुशासन केन्द्रका साथै जिल्ला समन्वय समितिको सभाहल, प्रदेश सरकारका केही हल छन्।

# वन्यजन्तुमैत्री छैन सिक्टाको पश्चिमी मूलनहर

**काँक्रेविहार संवाददाता**
बाँके, १८ वैशाख

जिल्लामा निर्माणाधीन सिक्टा सिँचाइ आयोजनाको पश्चिमी मूलनहर वन्यजन्तुमैत्री नहुँदा अकालमै वन्यजन्तु मर्ने गरेका छन्। प्यास मेटाउन पुग्ने वन्यजन्तु नहरमै फसेर मर्ने गरेका हुन्। सिक्टा सिँचाइको पश्चिमी मूलनहरको अधिकांश भाग बाँके राष्ट्रिय निकुञ्ज क्षेत्र, सामुदायिक वन, राष्ट्रिय वन तथा सरकारद्वारा व्यवस्थित गरिएको चक्ला वन क्षेत्रमा पर्ने भएकाले जोखिम बढ्दो छ।



गर्मीयाम सुरु भएसँगै हरेक दिनजसो पानी पिउन नहरमा पुग्ने वन्यजन्तु नहरमा मर्ने गरेको डिभिजन वन कार्यालयका सूचना अधिकारी टङ्क गुरुङले बताए। उनका अनुसार पछिल्लोपटक शनिबारमात्र एकैदिन हरलाफाँटा सामुदायिक वन क्षेत्रको नहरमा चारवटा चित्तल फसेका थिए। स्थानीय वनका पदाधिकारी, स्थानीय, वन कर्मचारी तथा निकुञ्ज कर्मचारीको संयुक्त प्रयासमा उनीहरूलाई सकुशल उद्धार गरी सुरक्षित वन क्षेत्रमा छाडिएको छ।

यसअघि राप्तीसोनारी गाउँपालिका-२ खोरियास्थित नहरमा शुक्रबार पानीमा फसेको मृगलाई मारेर मासु भागवण्डा गरेर घरतिर जाँदै गर्दा स्थानीय तीन जना पक्राउ परेका छन्। मासु बोकेर घर जाँदै गर्दा उनीहरूलाई वन क्षेत्रमै बाँके राष्ट्रिय निकुञ्ज, डिभिजन वनका कर्मचारी र स्थानीयले पक्राउ गरेका थिए।

डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत सुशील सुवेदीका अनुसार वन्यजन्तु पानी पिउनका लागि नहरमा जाने गर्दछन्। पछिल्लो समयमा त डढेलोका कारण पनि धेरै वन्यजन्तु नहरमा फस्ने गरेका छन्। अहिले बाँके राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय, सामुदायिक तथा अन्य वनहरूमा डढेलो भइरहेका कारण पनि चित्तल, मृग, नीलगाई, बँदेलगायतका वन्यजन्तु भाग्दै जाँदा नहरमा फस्ने घटनामा वृद्धि भएको उनको भनाइ छ।

"सिक्टा सिँचाइको पश्चिमी मूल नहरको अधिकांश स्थानमा वन क्षेत्र छ, यहाँ विभिन्न किसिमका वन्यजन्तु छन्। बाँके राष्ट्रिय निकुञ्जको वन क्षेत्र पनि यहाँ पर्दछ", वरिष्ठ वन अधिकृत सुवेदी भन्छन्, "नहर वन्यजन्तुमैत्री छैन, हालसम्म सयौँ वन्यजन्तु नहरमा फसेका छन्, कतिपय घटना जानकारी हुँदा उद्धार गरिएका छन् भने कैयौँपटक लुकीछिपी चोरी सिकारी पनि हुने गरेका छन्।"

वन्यजन्तुलाई पानी पिउनका लागि वनजङ्गल क्षेत्रमा पोखरी बनाइएको भए पनि पर्याप्त मात्रामा पानी छैन। त्रिशक्ति र भगवती सामुदायिक वनमा पानीसहितका पोखरी रहेका छन् तर ती पर्याप्त छैनन्। सिक्टा सिँचाइले नहरमा वन्यजन्तुलाई पानी पिउनका लागि केही स्थानमा घाट बनाए पनि ती घाट सुरक्षित र भरपर्दा नरहेको राप्तीसोनारी गाउँपालिका-२ का अगुवा मदन वली बताउछन् । गुणस्तरीय घाट निर्माण गरेर घाटबाहेक नहरको दुवैतर्फ तारजाली निर्माण गर्न यो समस्या दीर्घकालीन रूपमा समाधान हुने उनको भनाइ छ।

# गमगढी-नाक्चेलाग्ना सडक : २२० मिटर कडा चट्टान छिचोल्न ब्लाष्टिङ सुरू

**काँक्रेविहार संवाददाता**
जुम्ला, १८ वैशाख

कर्णाली प्रदेशको झलाईफ लाईन' सडक आयोजनाका रुपमा रहेको उत्तरी सिमना चीन जोड्ने मुगुको गमगडी-नाक्चेलाग्ना आयोजना निर्माण वर्षौपछि गति लिन थालेको छ। बजेट अभावका कारण वर्षौदेखि रोकिएको काम स्रोत सुनिश्चितता संगै काम सुरु भएको छ।

कडा चट्टानी भिर मात्रै रहेकोले सडक डिभिजन जुम्लाले नेपाली सेना संग समन्वय गरी ब्लाष्टिङ सुरु गरेको छ। मुगु जिल्लाको माङ्ग्री भिर क्षेत्रमा ब्लास्टिङ कार्य आईतबारदेखि औपचारिक रूपमा सुरु गरिएको हो। दुर्गम भौगोलिक अवस्था, जोखिमपूर्ण भिर र सीमित स्रोत-साधनका बाबजुद पनि विकासको लक्ष्यलाई अगाडि बढाउँदै चट्टान छिचोल्न ब्लाष्टिङ सुरुगरेसंगै आयोजनाले गतिलिने आशा पलाएको छ। मुगुको गमगडीदेखि नाक्चेलाग्ना सम्म कुल ९६ किलोमिटर दुरी रहेको यो सडक आयोजना आर्थिक वर्ष २०६२/६३ मा विस्तृत सर्भे गरी २०७२/७३ सालबाट निर्माण गर्न थालिएको थियो। बजेट अभाव, भौगोलिक कठिनाईका कारण प्रदेश समृद्धीको मार्गका रुपमा हेरिएपनि कामले गति लिन सकेन्। लामो समयपछि चालु आव २०८२/०८३ का लागि संघिय सरकारले १५ करोड स्रोत सुनिश्चित गरेपछि सडक खण्डको कठिन तथा कडा चट्टान रहेको मुगुको माङ्ग्री भीड फोड्न ब्लाष्टिङ सुरु गरिएको सडक डिभिजन जुम्लाका प्रमुख श्रवणकुमार महताराले बताए।



'कुल ९६ किलामिटर दुरी रहेको यो सडक हाल सम्म १८.५ किमी ट्र्याक ओपन भएको छ'उनले भने,'चालु आवमा २२० मिटर कडा चट्टान छिचोल्न ब्लाष्टिङ्ग गरिनेछ। साथै जम्मा २४.५ किमी सडक ट्र्याक ओपन गरी ग्राभेल समेत गर्ने लक्ष्य छ। सिमित स्रोत र कठिन भूगोलका कारण सुस्त गतिमा बढेको सडकलाई अब सकेजति तिब्र गतिमा निर्माण गर्ने योजनामा छौ।' १५ करोडको लागतमा २२० मिटर ब्लाष्टिङ गर्ने, ग्राभेल गर्ने लगायतका काम गर्ने गरी गमगडी-नाक्चेलाग्ना सडक निर्माण गर्न जाग्रीति - रारा तेन्जिन - नोर्याङ्ग जे भिले ठेक्का लिएको छ। २२० मिटर सडक ब्लाष्टिङ गर्न प्राविधिक जनशक्ति, निर्माण व्यवसायी तथा श्रमिकहरूको जोखिमका बीच काम गरिरहेका छन्। नेपाली सेनाको समन्वयमा ब्लाष्टिङ सामाग्रीको सिमित उपलब्धताका बीच पनि सडकको महत्वलाई बुझेर सबै पक्षको समन्वयमा काम अघि बढेको छ।

गमगडी-नाक्चेलाग्ला सडक निर्माण भएको खण्डमा उत्तरी छिमेकी देश चीन र कर्णाली प्रदेशको व्यापारिक गतिविधि सहज हुने प्रत्यक्ष कर्णालीको समृद्धीमा टेवा पुग्ने विश्वास गरिएको छ। रोजगारी प्रर्बद्धन, व्यापार बृद्धि र समग्रमा कर्णालीको आयस्तर समेत उकास्न यो सडक लाईफ लाईन बन्ने अपेक्षा समेत गरिएको छ। बजेट अभावका कारण वर्षौ अलपत्र परेको यो सडक आयोजनाले नयाँ सरकारको गठन संगै बजेट अभाव भोग्न नपर्ने र निर्माणले गति लिने आशा गरिएको छ।

# शनिवार

# गाजाको झल्को दिने डोजर आक्रमण– सुकुम्बासी दलितको हरिबिजोग !




गत वर्ष इसराइलले हमासको शासन अन्त्य गर्ने नाममा लाखौं गाजा निवासी प्यालेस्टाइनीहरूमाथि निर्मम बमबारी गरेर दसौं हजार निर्दोष र निहत्था जनताको कत्लेआम गऱ्यो । उनीहरूको निवास, स्कुल, मस्जिद सारा ध्वस्त पाऱ्यो। लाखौं जनतालाई विस्थापित गऱ्यो।

डोजरले पेलेका काठमाडौं उपत्यकाका थापाथली, गैरीगाउँ, सिनामंगल, शान्तिनगर र मनोहराका सुकुम्बासी बस्ती घुम्दा गाजापट्टीकै झल्को आउँछ।

सारा संरचना ध्वस्त, सबको चिल्लीबिल्ली!

प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले बिना पूर्वतयारी र विधि-प्रक्रियाको वास्तै नगरी सुकुम्बासी जीवनमा जुन खाले डोजर आक्रमण गऱ्यो, त्यसबाट १८ सय परिवारका झन्डै १० हजार नागरिक बर्खाको मुखमा अलपत्र परेका छन् । यतिले मात्र राज्यशक्तिको भोक मरेको छैन । अब आजबाटै उपत्यकाका थप १७ सय सुकुम्बासी परिवार खेद्ने सरकारको योजना छ। यो काम फत्ते गर्न ठूलो संख्यामा सुरक्षा बल तयारी हालतमा राखिएको छ।

यसबीच बन्दुक देखाएर, डोजरले तर्साएर विस्थापित गरिएका जनता स्वेच्छाले लाखापाखा लागेका हुन् भन्ने झूटको खेती पनि सप्रिँदै छ। काठमाडौंका नदी-किनारमा राज्यको यस्तो निर्मम हर्कत देखेर देशभरका सुकुम्बासी, भूमिहीन तथा अव्यवस्थित बसोबासीहरू आतंकित बनेका छन् । लाखौं नागरिकको जीवन ठूलो संकटको भूमरीमा फस्दैछ।

काठमाडौंमा डोजरले घरहरू मात्र भत्काएनन् । सुकुम्बासी बस्तीका स्कुल, मन्दिर, चर्च, गुम्बा लगायत मान्छेका आस्थाका केन्द्रहरू पनि फुटाए । त्यहाँका गाईवस्तु, घरपालुवा जन्तु, तरकारी बालीको झन् के हालत भयो होला?

आफ्नै देशभित्र यसरी अकस्मात् शरणार्थीजस्तै थातथलोबाट लखेटिनुपर्दा ती साना बाबुनानीले कति ट्रमा महसुस गरे होलान्? विद्यार्थीले अर्को शैक्षिक सत्रमा कुन स्कुल वा कलेज पढ्ने होला? सुत्केरी, असक्त, वृद्धवृद्धा, दीर्घरोगीको कुन हालत भयो होला ?

यति भन्दै गर्दा राज्यको स्वामित्वमा रहेका सम्पत्ति वा जमिन राज्यलाई नै फिर्ता गर्न हुँदैन भन्ने मेरो जिकिर होइन। अनधिकृत रूपमा भूमि कब्जा गरेर बस्नेहरूलाई हटाउनुपर्छ भन्नेमा कुनै शंका छैन।

तर त्यसका लागि विधि र प्रक्रिया मिचेर सिंगो मानव बस्तीहरूमा डोजर पेल्नु उचित होइन।

के त्यसका लागि राज्यले कानुनमा व्यवस्था भएको विधि र प्रक्रिया पालना गर्नु पर्दैन?

विस्थापितहरूलाई उचित क्षतिपूर्ति र पुनर्वासको व्यवस्था गर्नु पर्दैन?

राज्यले मानवसँग मानवीय व्यवहार गर्नु पर्दैन?

गाईगोठ सार्न त कति व्यवस्था मिलाउनुपर्छ, कति कुराको सोचविचार गर्नुपर्छ भने हजारौं मानिस विस्थापित हुने यति ठूलो निर्णय किन यति हतारमा गरियो?

यति धेरै मत ल्याएको सरकारलाई तुरून्तै सुकुम्बासी बस्ती खाली गराइहाल्नुपर्ने कस्तो बाध्यता पऱ्यो?

नयाँ सरकार बनेको एक महिना नबित्दै, भूमि आयोगलाई समेत थाहा नदिई र एम्नेस्टीजस्ता अन्तर ाष्ट्रिय मानव अधिकारवादी संगठनहरूले सचेत गराउँदा गराउँदै डोजर घुमाइहाल्नुपर्ने बाध्यात्मक स्थिति के थियो? यसको चित्तबुझ्दो जबाफ बालेन सत्ताले दिनुपर्नेछ। राज्यले यस्तो अराजक र अमानवीय विध्वंश तुरून्त रोक्नुपर्छ । प्रधानमन्त्री र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नेतृत्वमा थोरै मात्र मानवीय भावना बाँकी छ भने डोजर रोक! समय लिएर कानुनी र व्यवस्थित ढंगले देशभरका ऐलानी जग्गा खाली गर!

दुःखको कुरा, आज सरकारले दिनुपर्ने जबाफ सामाजिक सञ्जालबाट कतिपय बालेन फ्यानहरूले र रास्वपाका समर्थकहरूले तुच्छ गालीगलौज सहित दिइरहेका छन् । उनीहरूले दसौं हजार सुकुम्बासीले सास्ती भोग्नुपर्दा खुसी व्यक्त गरिरहेका देखिन्छन् ।

नेपाली समाज कतातिर जाँदैछ? के हामी नेपाली यतिसम्म स्वार्थी र निर्दयी बनिसक्यौं?

आफ्नो परिवारले दुई छाक खान पाएपछि र छानामुनि सुत्न पाएपछि भयो?

हाम्रो समाजमा मानवताको खडेरी परेकै हो त?

हो, सुकुम्बासी बस्तीहरूमा केही हुकुम्बासी पनि थिए । सरकारी जग्गामा अनधिकृत संरचना बनाएर तिनले डेरावालाबाट कमाइ गर्थे। त्यस्ता हुकुम्बासीलाई हटाउनुपर्छ भन्नेमा कसैको दुईमत हुँदैन । तर सबै सुकुम्बासी त्यस्तै बदमास, ठग होइनन् ।

अधिकांश सुकुम्बासी भूमिहीन, गरिब र दलित छन् । धेरै जना दरिद्र छन्, अपांगता भएका छन् । असहाय छन्, दीर्घरोगी छन् । लोककल्याणकारी राज्यले तिनको जिम्मा लिनैपर्छ । आज सुकुम्बासी बस्तीबाट विस्थापित भएर, अनिश्चित भविष्यको त्रासमा प्याक गरिएका चिसो खाना खाएर होटलका एउटै कोठामा धेरै जना कोचिएकाहरू, होल्डिङ सेन्टरको चिसो भुइँमा सुत्नेहरूमा ६०-७० प्रतिशत दलित छन् ।

पत्रपत्रिकामा देखापरेका असहाय सुत्केरी, अपांग सुकुम्बासीहरू पनि प्रायः दलित र जनजाति छन् ।

यसोभन्दा जातको कुरा गऱ्यो भन्नेहरू पनि होलान् । तर सत्य यही हो । अविश्वास गर्ने पाठकहरूले आफै गएर बुझ्दा हुन्छ।

यो सरकारका मन्त्रीहरू र रास्वपाका अधिकांश सांसदहरू सहर निवासी मध्यम वा उच्चवर्गीय मानिसहरू छन् । उनीहरूले दीनदुःखीको, दलितको, जनजातिको पीर-व्यथा भोगेका, देखेका वा अध्ययन गरेका छैनन् जस्तो लाग्छ।

क्रूर जात व्यवस्था र मनुवादी संरचनाबारे उनीहरूमा ज्ञानको कमी छ। त्यसैले उच्च पदस्थहरू नै जातभातको कुरै नगरौं, आजको जमानामा विभेद छैन, म आफै कसैलाई छुवाछुत गर्दिन भन्ने अल्पज्ञानी तर्क राख्छन् ।

धर्मशास्त्र, समाजशास्त्र र अर्थशास्त्र अलिक गहिरो बुझेका मान्छेलाई मात्र थाहा हुन्छ, अधिकांश दलित र तामाङ जस्ता जनजातिहरू भूमिहीन हुनु, गरिब हुनुका पछाडि राज्यसत्ताको ठूलो भूमिका रहँदै आएको छ। राणा र शाहकालमा केही उच्च जातिका मान्छेले पहुँचका आधारमा महँगा जग्गाहरू बिर्ता पाए । धेरै धनदौलत हात पारे। राज्यको त्यही निःशुल्क उपहारका कारण उनीहरू धनी बने। राम्रो खोज-अनुसन्धान गर्ने हो भने आजका कतिपय सत्ताधारीहरूको शानशौकत पनि राजा वा राणाहरूकै बिर्ता वा विशेष अवसरको नतिजा नहोला भन्न सकिन्न । तिनै सत्ताधारीहरूले दलितलाई भने धर्मशास्त्रको सिद्धान्त बमोजिम शूद्र घोषणा गरी सत्ता र सम्पत्तिबाट धेरै पर राखे । शिक्षाबाट वञ्चित गराए। बडा जातिको दास बनाएर राखे।

यो कुरा जंगबहादुरले १९१० सालमा लागू गरेको मुलुकी ऐनमा प्रस्ट उल्लेख छ। त्यसपछिका दशकमा दलितले आफ्नो नाममा घरजग्गा पनि पास गर्न पाउँदैन थिए । पछि बिस्तारै दलितलाई जग्गा-जमिन किन्ने अधिकार त दिइयो, तर उनीहरूको बसोबास भीरपाखामा, रूखो डाँडामा सीमित राखियो।

समय निकालेर रास्वपाका नेता, सांसदहरू हेर्न जानुस् त – अझै पनि अधिकांश दलित घरहरू, बस्तीहरू उब्जनी नहुने भिरालो जग्गामा पर्छन् ।

यो लामो समयदेखिको उत्पीडन महसुस गरेर नै लोकतान्त्रिक गणतन्त्रले क्षतिपूर्ति स्वरूप दलितलाई कोटा दिन थालेको हो।

नेपालको संविधानको धारा ४० को उपधारा ५ मा लेखिएको छ, 'राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्नेछ।'

तर नवयुवाहरूको हाई हाई भएर स्थापित दल रास्वपाले भूमिहीन दलितलाई संविधान अनुसार जग्गा उपलब्ध गराउने योजना गर्नुको सट्टा बडो कष्टका साथ दुर्गन्धित खोलाका किनारमा छाप्रो बनाएर बसेका दलितलाई पनि निर्मम तरिकाले लखेटिरहेको छ।

यो कर्म सामाजिक न्यायको कुन सिद्धान्तसँग मेल खान्छ ?

आज सुकुम्बासी बस्तीबाट खेदिएका सबै जातका गरिबहरूलाई ठूलो पीरमर्का त छँदैछ, तर दलित सुकुम्बासीमाथि थप संकट परेको छ।

सर्वप्रथम त उनीहरूसँग डेरा लिने आम्दानी हुँदैन। पैसा नै भए पनि काठमाडौं उपत्यकामा सितिमिति दलितले डेरा पाउँदैनन्। आज पनि करिब ६० प्रतिशत दलितहरू जात ढाँटेर बस्न विवश छन् ।

यो समस्याबारे काठमाडौंका पूर्वमेयर तथा वर्तमान प्रधानमन्त्री बालेन शाहलाई कति चेतना होला? उनलाई यसबारे संवेदनशील बनाउने कसरी?

जननिर्वाचित कार्यकारी प्रमुखसँग भेट्न निरंकुश राजालाई भेट्नुभन्दा मुस्किल छ। न उनले मिडियाबाट आफ्नो नीति र कार्यकमबारे गतिलो तर्क नै प्रस्तुत गर्छन्।

अब देशभरिका सुकुम्बासी, अव्यवस्थित बसोबासी र भूमिहीनहरूलाई हटाउँदा धेरै दलितहरूको बिजोग हुनेवाला छ। जस्तै, कैलालीमा ठूलो सुकुम्बासी बस्ती छ, जहाँ दलित धेरै संख्यामा छन् ।

रास्वपाले यो एक पटक मात्र चुनाव जितेर शासनसत्ता सञ्चालन गर्ने होइन होला । रास्वपाले देशमा धेरै दलित, गरिब, भूमिहीन, दलित छन् भन्ने कुरा पनि बुझेकै होला। नबुझे पनि बुझ्नुपऱ्यो। अत्यन्तै भिरालो सामाजिक संरचना देख्नुपऱ्यो । तल्लो वर्ग, तल्लो जातको हितमा काम गर्नुपऱ्यो।

अन्तमा, प्रहरी र सैन्य शक्ति दुरूपयोग गर्दै भयभीत वातावरणमा बिनायोजना, बिनापुनर्वासको व्यवस्था सुकुम्बासी समुदायहरूलाई डोजरले उडाउने कुकर्म तुरून्तै बन्द गरियोस!

(लेखक डा. मित्र परियार समाजशास्त्री तथा दलित अभियानी हुन्।

# खुल्ला बाटो, न्यायपूर्ण समाजको सपना



✍ अजात काधिरा

नयाँ सरकार गठनपछि मलाई आमाको पहिलो प्रश्न थियो, "अब त यो छुवाछुत, विभेद अन्त्य भएर हामी पनि खुलेआम हिँड्न सक्छौं होला नि है?" सायद यो प्रश्न केवल एक आमाको मात्रै थिएन; नेपालका करिब ६० लाख दलित समुदायको साझा अनुभूति थियो यो। करिब ३५ सय वर्षयता भोग्दै आएको विभेदको पहाड सजिलै हटेर हामीले न्यायको सास फेर्न पाइएला त? यही प्रश्न मेरो मनभित्र जहिल्यै गुन्जिरहन्छ।

यो प्रश्न केवल भावनात्मक पीडा होइन; नेपालको लोकतन्त्र, समावेशिता र सामाजिक न्यायको वास्तविक अवस्थामाथि उठेको गम्भीर प्रश्न हो यो । संविधान, कानुन र नीतिहरूले समानताको प्रतिबद्धता व्यक्त गरिरहेका छन्, तर व्यवहारमा अझै विभेद कायम रहनु विडम्बनापूर्ण हो । लोकतन्त्रले राजनीतिक परिवर्तन ल्यायो, तर के यसले सामाजिक संरचनामा परिवर्तन ल्याउन सक्यो? यही प्रश्न अहिले पनि सान्दर्भिक छ।

नेपालको जात व्यवस्था गहिरो ऐतिहासिक जरा भएको सामाजिक संरचना हो । प्राचीन कालदेखि विकसित हुँदै आएको सामाजिक विभाजनले नेपाली समाजमा अवसरको वितरण, सामाजिक सम्बन्ध र शक्ति संरचनालाई निर्धारण गरेको छ । लिच्छवि कालदेखि मल्ल काल हुँदै राणा शासनसम्म आइपुग्दा जातीय विभेद झन् संस्थागत बन्दै गयो। वि.सं. १९१० को मुलुकी ऐनले जाति व्यवस्थालाई कानुनी मान्यता दिँदै समाजलाई तहगत रूपमा विभाजन गऱ्यो । यसले उच्च जातिलाई विशेष अधिकार प्रदान गऱ्यो भने दलित समुदायलाई शिक्षा, रोजगारी र सामाजिक अवसरबाट व्यवस्थित रूपमा वञ्चित गरियो।

वि.सं. २००७ मा प्रजातन्त्र स्थापना भएपछि समानताको बहस सुरु भयो। त्यसपछि २०४६ को जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन र गणतन्त्र स्थापना जस्ता राजनीतिक परिवर्तनहरूले समावेशिता र सामाजिक न्यायलाई नयाँ ढंगले उठाए । नेपालको संविधान २०७२ ले समानता, समावेशिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गऱ्यो । जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ ले कानुनी रूपमा विभेदलाई अपराध घोषणा गऱ्यो। कागजमा हेर्दा नेपाल भेदभावमुक्त समाजतर्फ अघि बढेको देखिन्छ।

तर व्यवहारमा अवस्था अझै चुनौतीपूर्ण छ । ग्रामीण क्षेत्रमा अझै छुवाछुतका घटना सुनिन्छन् । सार्वजनिक धारा, मन्दिर, चिया पसल र सामाजिक कार्यक्रममा विभेदका घटना भइरहेका छन् । अन्तरजातीय विवाहप्रति अझै नकारात्मक दृष्टिकोण देखिन्छ। यसले देखाउँछ कि कानुनी परिवर्तन मात्र पर्याप्त हुँदैन; सामाजिक सोच र व्यवहारमा परिवर्तन आवश्यक छ।

गणतन्त्रपछि समावेशी प्रतिनिधित्वलाई राज्यको प्रमुख प्राथमिकता बनाइयो । नेपालको संविधान २०७२ ले दलित तथा दलित महिलालाई राजनीतिमा प्रवेश गर्ने संवैधानिक आधार प्रदान गऱ्यो । विशेष गरी स्थानीय तह निर्वाचन २०७४ पछि हजारौं दलित महिलाको प्रतिनिधित्व देखिनु आफैंमा ऐतिहासिक उपलब्धि थियो । वडा सदस्यका रूपमा दलित महिलाको अनिवार्य प्रतिनिधित्वले उनीहरूलाई पहिलो पटक औपचारिक राजनीतिक भूमिकामा ल्यायो। २०७९ सम्म आइपुग्दा यो उपस्थिति निरन्तर रहनु सकारात्मक संकेत हो।

तर संख्यात्मक उपस्थिति मात्र सशक्तीकरण होइन भन्ने यथार्थ स्पष्ट देखिन्छ। धेरै दलित महिला निर्वाचित भए पनि निर्णय प्रक्रियामा उनीहरूको भूमिका सीमित छ। कतिपय अवस्थामा उनीहरूलाई औपचारिक प्रतिनिधित्वका रूपमा मात्र राखिन्छ। बजेट, नीति निर्माण र विकास योजना बनाउने प्रक्रियामा उनीहरूको सहभागिता कमजोर देखिन्छ। यसले प्रतिनिधित्वलाई 'टोकन प्रतिनिधित्व'मा सीमित गर्ने खतरा देखाउँछ।

संघीय तहको निर्वाचनले अझै पनि दलित प्रतिनिधित्वको सीमितता उजागर गर्छ । दलित समुदाय अझै समानुपातिक प्रणालीमा सीमित छन् भने दलित महिलाको प्रत्यक्ष निर्वाचनबाट विजयी हुने सम्भावना अत्यन्त न्यून छ। यसले देखाउँछ कि समावेशिता कानुनी प्रावधानमा सीमित हुँदा व्यवहारिक राजनीतिमा समान अवसर सुनिश्चित हुन सकेको छैन।

यसको मूल कारण समाजमा गहिरो जरा गाडेको जातीय र लैङ्गिक विभेद हो । दलित महिलाले जातीय र लैङ्गिक दुवै प्रकारको विभेदको सामना गर्नुपर्छ । उनीहरूलाई नेतृत्वमा स्वीकार गर्न समाज अझै तयार छैन। मतदाताको सोच, उम्मेदवार चयन प्रक्रिया र राजनीतिक अवसर सबैमा विभेदको प्रभाव देखिन्छ।

राजनीतिक दलहरूको भूमिका पनि यहाँ महत्त्वपूर्ण छ। समावेशिता देखाउन दलित र दलित महिलालाई सूचीमा राख्ने तर प्रत्यक्ष प्रतिस्पर्धामा अगाडि सार्न नचाहने प्रवृत्ति अझै कायम छ । यसले नेतृत्व विकासको अवसर सीमित बनाउँछ। दलित महिलालाई निर्णय तहमा पुऱ्याउने स्पष्ट रणनीति अभाव देखिन्छ।

आर्थिक असमानता अर्को महत्त्वपूर्ण चुनौती हो। चुनावी प्रतिस्पर्धामा आर्थिक स्रोतको आवश्यकता उच्च हुन्छ। ऐतिहासिक रूपमा वञ्चित समुदाय भएकाले दलित उम्मेदवार हरूलाई चुनाव लड्न आवश्यक स्रोत जुटाउन कठिन हुन्छ। यसले राजनीति सीमित वर्गको पहुँचमा केन्द्रित हुन मद्दत गर्छ।

यद्यपि सकारात्मक परिवर्तनहरू पनि देखिन थालेका छन्। शिक्षा विस्तार, सहरीकरण, सञ्चार प्रविधिको विकास र युवापुस्ताको चेतनाले सामाजिक परिवर्तनको आधार तयार गरेको छ । अन्तरजातीय विवाह बढ्नु, सामाजिक सहकार्य विस्तार हुनु र दलित समुदायबाट नेतृत्व विकास हुनु सकारात्मक संकेतहरू हुन्।

नयाँ सरकार गठनपछि समावेशिता र सामाजिक न्यायप्रति अपेक्षा झन् बढेको छ। सरकार, राजनीतिक दल र नागरिक समाजले समावेशी प्रतिनिधित्वलाई व्यवहारमा लागू गर्न सक्नुपर्छ। केवल कानुनी प्रावधान पर्याप्त हुँदैन; निर्णय तहमा वास्तविक शक्ति हस्तान्तरण आवश्यक हुन्छ।

अबको सरकारले ध्यान दिनुपर्ने केही प्रमुख पक्षहरू स्पष्ट छन् । पहिलो, निर्णय तहमा दलित तथा दलित महिलाको प्रभावकारी उपस्थिति सुनिश्चित गर्नुपर्छ । दोस्रो, शिक्षा, नेतृत्व विकास र आर्थिक सशक्तीकरणका कार्यक्रमहरू दीर्घकालीन रूपमा लागू गर्नुपर्छ । तेस्रो, संरचनागत विभेद हटाउने नीति र कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्छ । चौथो, राजनीतिक दलहरूले उम्मेदवार चयन प्रक्रियामा समावेशिता लागू गर्नुपर्छ।

यससँगै दलित महिलामाथि हुने हिंसा र यौन दुर्व्यवहारको प्रश्न पनि गम्भीर रूपमा उठाउन आवश्यक छ । विभिन्न समयमा दलित महिलामाथि भएका बलात्कार र हिंसाका घटनाले देखाउँछन् कि जातीय र लैङ्गिक विभेद केवल सामाजिक वा राजनीतिक प्रतिनिधित्वको प्रश्न मात्र होइन, यो सुरक्षा र मानवअधिकारसँग प्रत्यक्ष जोडिएको विषय पनि हो । धेरै घटनामा न्याय प्राप्ति प्रक्रिया ढिलो हुने, पीडितमाथि नै सामाजिक दबाब पर्ने, र दोषीलाई संरक्षण गर्ने प्रवृत्ति देखिएको छ। यस्तो अवस्थाले दलित महिलाको असुरक्षा झन् बढाउँछ। जबसम्म दलित महिलाले सुरक्षित रूपमा बाँच्ने अधिकार प्राप्त गर्दैनन्, तबसम्म समावेशी लोकतन्त्रको दाबी अपूर्ण रहनेछ।

समावेशी लोकतन्त्रको अर्थ केवल प्रतिनिधित्व होइन, शक्ति साझेदारी हो। जबसम्म दलित र दलित महिलाले निर्णय प्रक्रियामा वास्तविक प्रभाव राख्दैनन्, तबसम्म समावेशिता अधूरो रहनेछ।

२०८२ फागुन २१ मा सम्पन्न निर्वाचनले नेपालको लोकतान्त्रिक प्रक्रियामा नयाँ आशा र चुनौती दुवै प्रस्तुत गरेको छ। यस चुनावले दलित, दलित महिला, महिला तथा बालबालिकाको सहभागिता बढाउने दिशामा प्रारम्भिक संकेत दिएको छ। तर प्रतिनिधित्व केबल सिटको संख्यामा मात्र सीमित हुँदैन; यसको वास्तविक अर्थ तब मात्र स्पष्ट हुन्छ।

# ‘सरकारले भन्सार राम्रो गर्ने नाममा नागरिकलाई दुःख दिनु हुँदैन’



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १८ वैशाख

नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले नेपाल-भारत सीमा क्षेत्रमा भन्सारमा कडाइ गर्दा सीमा वरिपरि बस्ने नेपाली नागरिकले भोग्नुपरेको समस्याका बारेमा सदनबाट सरकारको ध्यानाकर्षण गराइने बताएका छन् ।

शुक्रबार पार्टी कार्यालय सानेपामा पार्टीको ग्रिन टेबलको पहिलो शृंखलामा बोल्दै सभापति थापाले भन्सारमा कडाइ गर्दा सीमा वरिपरि बस्ने नागरिकहरूको दैनिक जीवनयापनमा नै समस्या देखिएको भन्दै यसबारे सदन र विभिन्न माध्यमबाट सरकारको ध्यानाकर्षण गराइने बताएका हुन् ।

उनले भन्सारमा कडाइ गर्दा स्थानीय नागरिकमाथि सुरक्षाकर्मीबाट हुने व्यवहारले आत्मसम्मानमाथि चोट पुगेको देखिएको धारणा राखे । भन्सारमा कडाइ गर्दा व्यवहारिक पक्षलाई पनि ख्याल गर्नुपर्ने उनको भनाइ छ । सभापति थापाले भन्सारमा राम्रो गर्ने नाममा नागरिकलाई अनावश्यक दुख दिने जस्ता नचाहिने कुराहरूमा हात हाल्ने काम नगर्न सरकारलाई सुझाव समेत दिए ।

सीमामा हुने गरेको अव्यवहारिक कुराहरूलाई सधैंको लागि बन्द गर्नुपर्ने भए पनि कांग्रेस सरकारमा नै भएका बेला सय रुपैयाँ भन्दा बढीका सामानमा कर लगाउने काममा जोड दिँदा आफूहरूकै दबाबमा सरकार पछि हट्नु परेको उनले बताए ।

सभापति थापाले अहिले जनताले उठाएका प्रश्न र गुनासालाई सुन्न सरकार तयार हुनुपर्नेमा जोड दिए । सिमानाको छेउमा बस्ने नागरिकहरूलाई अपराधी जस्तो गरी काम गर्नु उचित नहुने उनको भनाइ छ ।

## बुद्धको सन्देश–

# वास्तविक सन्देश आफ्नै मनभित्र खोज

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १८ वैशाख

शुक्रवार देशभर तथा विश्वभर बुद्ध जयन्ती अथवा बुद्ध पूर्णिमा श्रद्धा, भक्ति र शान्तिपूर्ण वातावरणमा मनाइएको छ । बौद्ध धर्मावलम्बीको सबैभन्दा महत्त्वपूर्ण पर्वका रूपमा लिइने यस दिनले मानवता, सहिष्णुता र अहिंसाको सन्देश पुनः स्मरण गराउँ छ । विशेष महत्त्वको कुरा के हो भने यही दिन गौतम बुद्धको जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाण तीनै घटना भएको विश्वास गरिन्छ ।

नेपालका लागि यो पर्व झनै गौरवको विषय हो, किनकि गौतम बुद्धको जन्म लुम्बिनीमा भएको हो, जुन आज विश्व सम्पदा सूचीमा सूचीकृत पवित्र स्थलका रूपमा परिचित छ । लुम्बिनी मात्र होइन, काठमाडौं उपत्यकाका बौद्धनाथ र स्वयम्भूनाथ लगायतका स्थानमा भक्तजनको उल्लेख्य भिड देखिएको छ ।

इतिहासअनुसार, करिब ६२३ ईसापूर्व लुम्बिनीमा जन्मिएका सिद्धार्थ गौतम एक राजपरिवारमा हुर्किए पनि जीवनका दुःख-कष्टबारे गहिरो जिज्ञासाले उनलाई दरबार छाड्न प्रेरित गर्‍यो । वृद्धावस्था, रोग र मृत्युका दृश्यले उनलाई जीवनको यथार्थ बुझ्न बाध्य बनायो । त्यसपछि उनले कठोर तपस्या र ध्यानमार्फत सत्यको खोजी गरे र अन्ततः भारतको बोधगयामा ज्ञान प्राप्त गरे । यही क्षणदेखि उनी ‘बुद्ध’–अर्थात् जागृत व्यक्तिका रूपमा चिनिन थाले ।बुद्धले आफ्नो जीवनभर मानिसलाई दुःखबाट मुक्त हुने मार्ग सिकाए । उनले चार आर्य सत्य र अष्टाङ्गिक मार्गमार्फत संयमित, नैतिक र सचेत जीवनशैली अपनाउन प्रेरित गरे । बुद्धले आफ्नो जीवनभर मानिसलाई दुःखबाट मुक्त हुने मार्ग सिकाए । उनले चार आर्य सत्य र अष्टाङ्गिक मार्गमार्फत संयमित, नैतिक र सचेतजीवनशैली अपनाउन प्रेरित गरे । उनका शिक्षा केवल धार्मिक सीमाभित्र सीमित छैनन्, बरु सम्पूर्ण मानव समाजका लागि मार्गदर्शनका रूपमा स्थापित छन् ।



बुद्ध जयन्तीको महत्त्व केवल ऐतिहासिक वा धार्मिक पक्षमा सीमित छैन । आजको विश्व, जहाँ द्वन्द्व, हिंसा र असहिष्णुता बढ्दै गएको छ, त्यहाँ बुद्धका विचार अझै सान्दर्भिक देखिन्छन् उनले सिकाएको अहिंसा, करुणा, मैत्री र मध्यम मार्गले व्यक्तिलाई मात्र होइन, समाज र राष्ट्रलाई समेत शान्तिपूर्ण सहअस्तित्वतर्फ डोर्‍याउने क्षमता राख्छ ।

नेपालमा यस दिन विशेष कार्यक्रम आयोजना गरिन्छ । गुम्बा, विहार र स्तूपमा पूजा-अर्चना, ध्यान, प्रवचन र शान्ति यात्रा सञ्चालन गरिन्छन् । श्रद्धालुहरूले दीप प्रज्वलन गर्ने, फूल चढाउने, दान-पुण्य गर्ने र बुद्धका उपदेश सुन्ने गर्छन् । कतिपयले यस दिन मासु-मदिरा त्यागेर सादा र अनुशासित जीवनशैली अपनाउने प्रयास गर्छन्, जसले बुद्धका शिक्षाप्रति सम्मान प्रकट गर्दछ । लुम्बिनीमा भने अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम आयोजना गरिन्छन्, जहाँ विभिन्न देशका बौद्ध धर्मावलम्बी तथा पर्यटकको सहभागिता रहने गर्दछ । यसले नेपाललाई विश्व शान्तिको केन्द्रका रूपमा चिनाउने अवसर प्रदान गर्दछ । बुद्ध जयन्तीले हरेक व्यक्तिलाई आत्मचिन्तन गर्ने अवसर दिन्छ । व्यस्त जीवनशैली र भौतिक प्रतिस्पर्धाबीच मानिस आफ्नो भित्री शान्ति गुमाउँदै गएको अवस्थामा बुद्धका शिक्षाले मनलाई शान्त र सन्तुलित बनाउने मार्ग देखाउँछ । उनले सिकाएको ‘मध्यम मार्ग’ अर्थात् अत्यधिक सुख र अत्यधिक दुःख दुवैबाट टाढा रहने सन्तुलित जीवन आज पनि उत्तिकै उपयोगी छ ।

बुद्ध जयन्तीले हरेक व्यक्तिलाई आत्मचिन्तन गर्ने अवसर दिन्छ । व्यस्त जीवनशैली र भौतिक प्रतिस्पर्धाबीच मानिस आफ्नो भित्री शान्ति गुमाउँदै गएको अवस्थामा बुद्धका शिक्षाले मनलाई शान्त र सन्तुलित बनाउने मार्ग देखाउँछ ।यस पर्वको अर्को महत्त्वपूर्ण पक्ष भनेको सामाजिक सद्भाव हो । विभिन्न धर्म, जाति र संस्कृतिका मानिस पनि बुद्ध जयन्तीमा सहभागी हुँदै शान्ति र सहिष्णुताको सन्देश साझा गर्छन् । यसले नेपालजस्तो बहुसांस्कृतिक समाजमा एकता र आपसी समझदारी बढाउन मद्दत पुर्‍याउँछ । समग्रमा, बुद्ध जयन्ती केवल एउटा धार्मिक उत्सव होइन, यो मानव जीवनलाई सही दिशा दिने अवसर हो । गौतम बुद्धले देखाएको अहिंसा, करुणा र सत्यको मार्ग आजको समयका लागि अझ आवश्यक देखिन्छ ।

यो दिनले हामीलाई सम्झाउँछ कि वास्तविक शान्ति बाहिर होइन, हाम्रो आफ्नै मनभित्र हुन्छ । त्यसैले बुद्ध जयन्तीको सन्देशलाई व्यवहारमा उतार्दै शान्त, सहिष्णु र सकारात्मक समाज निर्माणतर्फ अघि बढ्नु नै यसको साँचो अर्थ हो ।

# पछिल्लो २ सातामा विपद्का ६ सय ७४ घटना, ३६ जनाको मृत्यु




❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १८ वैशाख

चालु वर्ष २०८३ को वैशाख १ गतेदेखि १८ गतेसम्म देशभर ६७४ वटा विपद्का घटना भएका छन् ।  ती घटनामा ३६ जनाको मृत्यु भएको छ भने १६५ जना घाइते भएका छन् । ४३६ परिवार प्रभावित भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार सबैभन्दा धेरै वन डढेलोका १९९ र आगलागीका १७० घटना भएका छन् ।

आगलागीमा परी ९ जनाको मृत्यु, ५६ जना घाइते र १०३ परिवार प्रभावित भएका छन् । वन डढेलोमा १ जनाको मृत्यु, २ जना घाइते र २२ परिवार प्रभावित भएका छन् ।

बाढी पहिरोका ५९ घटनामा ५ जनाको मृत्यु भएको छ । ती घटनामा १४ जना घाइते भएका छन् भने १५८ परिवार प्रभावित भएका छन् ।

जंगली जनावरको आक्रमणका २५ घटनामा ३ जनाको मृत्यु र १९ जना घाइते भएका छन् । लेक लाग्ने ८ घटनामा ५ जनाको मृत्यु भएको छ । चट्याङ खस्ने ८ घटनामा पनि ५ जनाको मृत्यु भएको तथ्यांकमा उल्लेख छ ।

यस अवधिमा पहिरोका ११, भारी वर्षाका २०, हावाहुरीका १३, छाना उड्ने १ र गोठालोसम्बन्धी ४ घटना पनि अभिलेख भएका छन् । तथ्यांक अनुसार वैशाखको पहिलो १८ दिनमा आगलागी, डढेलो र बाढी पहिरोका घटना उच्च रहेको देखिएको छ ।

# ‘वास्तविक सुकुम्वासीलाई छिट्टै जग्गा दिएको राम्रो, नत्र खत्तम होला’

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १८ वैशाख

५७ वर्षीय वसन्त माझीको तन कीर्तिपुरको राधास्वामी सत्संग आश्रमको अस्थायी शिविरमा भएपनि मन चाहिँ थापाथलीको बागमती किनारमै छ । रिक्सामा सामान बोकेर जीवन धान्दै आएका उनले थापाथलीको सुकुम्वासी बस्तीमा २० वर्ष बिताए । ज्याला मजदुरी गरेर फलाम र जस्ताको टहरो बनाए । त्यही टहरो पनि सरकारी डोजरले भत्कादिएपछि उनी परिवारसहित अस्थायी आश्रममा बसिरहेका छन् ।



शनिबार सुकुम्वासी बस्तीमा डोजर चलेपछि काठमाडौं महानगरपालिकाले माझीजस्तै ५७ परिवारलाई उक्त होल्डिङ सेन्टरमा राखेको हो । यहाँ सय परिवारसम्म राख्न सकिने बताइएको छ । शिविरको सुरुवाती दिन उनका लागि निकै पीडादायी रहे । ‘यहाँ आएको ४ दिनसम्म हामी सबै जना एकै ठाउँमा पोको परेर सुतेका थियौं,’ उनी भन्छन्, ‘त्यस दिन हरेक परिवारलाई एउटा झुल दिइएको थियो । एउटा झुलले ६ जनाको परिवार धान्न सकेन ।’ अस्थायी शिविरमा परिवारका बुहारीहरुले अरू महिलासँग मिलेर कठिन रात कटाएको उनले सुनाए ।

‘थापाथलीमा हामी छ जना एकै घरमा बस्थ्यौं,’ उनी सम्झिन्छन्, त्यहीं छोराछोरी हुर्काएँ, परिवारको दुःखसुख बाँडियो ।’ लामो श्वास तान्दै उनले भने । परिवार सँगै भएर पनि सबैलाई एउटै छानोमुनि राख्न नसक्नुको पीडा उनको आवाजमा प्रस्ट सुनिन्थ्यो ।

‘छानो भएपनि भित्ता नभएको ठाउँमा राखेका छन् । चिसोले गर्दा सुरुका एक दुई दिन त टाउको नै फुट्लाजस्तो भयो । दाँत दुख्यो । औषधि पाएपछि सन्चो भयो,’ उनले भने ।

शिविरमा अहिले टेन्टका अस्थायी संरचना बनाइएको छ । खानाको व्यवस्था पनि नियमित रहेको उनले जानकारी दिए । ‘खान त पाइरहेका छौं । बिहान चिया-बिस्कुट, त्यसपछि खाना, दिउँसो चिया-पाउरोटी, अनि साँझ दाल-भात-तरकारी छ,’ उनले भने । मंगलबारसम्म प्याकेटमा खाना दिइएकोमा बुधबार भने प्लेटमा दिन थालिएको छ । प्याकिङमा आएको खाना अरुलाई कम भएपनि आफूलाई पुगेको उनी सुनाउँछन् । ‘मंगलबारसम्म प्याकेटमा थियो, बुधबारबाट प्लेटमा दिनुभयो । अहिले चाहिँ मागेअनुसार थपेर दिनुहुन्छ,’ उनले भने ।

जीविकोपार्जनको आधार पनि बस्ती हटेसँगै हराएकोमा भने उनको चिन्ता अझ बढेको छ । उनी बानेश्वर आसपास रिक्सामा सामान ओसारपसार गर्थे । ‘बस्ती हटेपछि मेरो काम छुट्यो । कतै टुङ्गोले बस्न पाए काम सुरु गर्न हुन्थ्यो,’ उनले भने ।

वसन्तकी श्रीमती अर्काको घरमा काम गर्छिन् । कान्छा छोरा विमानस्थलमा सेक्युरिटी गार्ड छन । जेठा छोराबुहारी पनि काम गर्छन् । सबैको संघर्षले जसोतसो जीवन चलेको थियो । उनीजस्तै त्यहाँ परिवारका अरु सदस्य पनि काममा जान नपाएकोमा गुनासो गर्छन् ।

बस्ती हटाएकोमा उनी आक्रोशित छैनन् । उनी बरु, न्यायपूर्ण समाधानको अपेक्षा राख्छन् । ‘मलाई हटाएकोमा गुनासो छैन । अस्थायी शिविरको बसाइँ लामो नहोस् भन्ने हो । खोला किनारमै भएकाले पानी पर्दा यो ठाउँ पनि डुब्छ कि भन्ने डर छ । जतिसक्दो छिटो जमिन दिएर हामीलाई यहाँबाट अन्त सार्नुपर्छ,’ उनले माग गरे ।

उनी २०५७ सालतिर झापाबाट काठमाडौं पसेको बताउँछन् । सरकारले आफ्नो आवासमा डोजर चालएपनि उनको राजनीतिक विश्वास भने अझै मरेको छैन । ‘पहिले हामीले (पूर्वप्रधानमन्त्री केपी) ओलीलाई नै भोट हालेको हो । उहाँको घरबाट एक/दुइ घण्टामा पुगिने गारमुनीमा हामी बस्थ्यौं,’ उनले सुनाए, ‘उहाँले हाम्रो बारेमा धेरै बोल्नुभयो, तर बस्ने ठाउँको टुंगो लगाइदिनुभएन ।’

यतिबेला भने उनको आशा सुकुम्वासी बस्तीमा डोजर चलाउने निर्णय गरेका प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) सँग छ । ‘ बालेन सरकारले बोलेका कुरा पूरा गरोस,’ अपेक्षा र चेतावनीसहति उनले थपे, ‘बालेन सरकारले वास्तविक सुकुम्वासीलाई चिनेर छिट्टै जग्गा दियो भने राम्रो हुन्छ । नत्र खत्तम हुन सक्छ ।’

आफ्नो नाममा एक धुर जमिनसमेत नभएकोले सरकारले तत्काल समाधानको बाटो खोज्नुपर्ने उनको माग छ । आफ्नो तीन पुस्तासँग समेत सम्पत्तिको नाममा एक टुक्रा पनि जमिन नरहेको बताउने उनी सरकारले सम्पत्ति छानबिन गरेर मात्रै सुकुम्वासी घोषणा गर्नेबारे भने जानकार रहेछन् । ‘सरकारले तीन पुस्ते सम्पत्ति छानबिन गर्ने भनेको छ रे । तीन पुस्ताको छानबिन गरेको राम्रो । मेरो बाबुबाजेको सम्पत्ति कतै छ भन्ने मलाई थाहा छैन । सरकारले छानबिन गर्छ भने मलाई त राम्रो पो लाग्छ ।’

जमिनको स्वामित्व नभएको ठहर भएमा भने तत्काल व्यवस्थापन गरिदिनुपर्ने उनले सुझाए । १५ दिनका लागि राखिने भनिएको शिविरमा वसन्तका परिवारले बिहिबारसम्म ६ रात कटाइसकेका छन् । तर, सरकारतर्फबाट कुनै निर्णय आएको भने उनको जानकारीमा छैन । ‘१५ दिनमा यहाँबाट सार्छौं भनेको हो । अहिलेसम्म त यो दिन सार्ने भनेको सुनेको छैन । हप्तादिन अझै बाँकी छ, सार्छ होला,’ उनले भने ।

सरकारले केहीलाई उपत्यकाभित्रका होटलमा समेत व्यवस्थापन गरेको छ । सोबारे प्रश्न गर्दा उनले भने, ‘हिजो बेलुका सुत्केरी, बालबच्चा र नसक्नेलाई होटलमा जाने भए लैजान्छौं भनेर सोध्नुभएको थियो । मेरो सालीको पनि ९ महिनाको बच्चा छ । उ पनि होटेल जाने भनेको थियो, तर बुधबार बिहान पाल आएपछि भने फेरि नजाने भन्यो । मलाई चाहिँ कसैले सोधेको छैन ।’

# जग्गा रोक्का फुकुवाका लागि अब मालपोत जानु नपर्ने, अनलाइनबाटै हुने

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १८ वैशाख

अब जग्गाको रोक्का र फुकुवाका लागि मालपोत कार्यालय जानु नपर्ने भएको छ । भूमि व्यवस्थापन तथा अभिलेख विभागले बैंक तथा वित्तीय संस्थाबाट हुने धितोबन्धकी रोक्का तथा फुकुवाको सम्पूर्ण कामलाई अनिवार्य रूपमा अनलाइन प्रणालीबाट गर्ने जनाएको हो ।




विभागले एक सूचना जारी गर्दै सेवालाई पूर्णतः डिजिटल बनाउन यस्तो व्यवस्था लागु गर्न लागिएको जानकारी दिएको छ । उक्त सूचनाअनुसार बैंक तथा वित्तीय संस्थाबाट यही वैशाख २१ गतेदेखि धितोबन्धकी रोक्का फुकुवा सम्बन्धी कार्य अनलाईन प्रणालीबाट मात्रै हुने भएको हो ।

सरकारको शासकीय सुधार सम्बन्धी कार्यसूची अनुसार नतिजामा आधारित शासकीय प्रबन्ध लागु गर्न, नागरिकलाई छिटो, सहज र बिचौलियामुक्त सेवा पूर्वानुमानयोग्य समयमा उपलब्ध गराउन तथा सम्पूर्ण सेवा प्रक्रियालाई मुहारबिहीन, समयबद्ध र डिजिटल प्रणालीमा रूपान्तरण गर्ने लक्ष्य सरकारको रहेको छ ।

यो प्रणाली लागु भएपछि सेवा प्रवाह छिटो, सहज र बिचौलियामुक्त बन्ने सरकारको जिकिर छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# जेनजी घाइतेको अन्तिम सूची सार्वजनिक, २६ सय ६० पुगे

❒ कांक्रेविहार संवाददाता
काठमाडौं, १८ वैशाख

सरकारले जेनजी आन्दोलनका क्रममा घाइते भएका सूचीकृत सम्पन्न गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पछिल्लो पटक थप २२ जनाको नाम समावेश गर्दै जेनजी आन्दोलनमा घाइतेको सूचीकृत सम्पन्न गरेको हो।

पछिल्लो पटक प्राप्त २५० जनामध्ये २२ जना मात्र घाइतेको नाम सूचीकृत गरेसँगै जेनजी आन्दोलनमा घाइतेको विवरण सार्वजनिक गरिएको स्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्रका प्रमुख डा प्रकाश बुढाथोकीले जानकारी दिए।



उनका अनुसार मन्त्रालयको मापदण्डअनुसार जेनजी आन्दोलनका क्रममा घाइतेको सङ्ख्या दुई हजार ६६० पुगेको छ। "निर्वाचनपछि नयाँ सरकार बनपछि थप हामीसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय र अन्य ठाउँबाट २५० जनाको नाम आएको थियो," उनले भने, "तर मन्त्रालयको मापदण्डअनुसार २२ जना मात्र घाइतेको प्रमाणीकरण गरी सूचीकृत गरिएको हो।"

केन्द्रका प्रमुख डा बुढाथोकीले ती २२ जनाको नाम गत भदौ २३ र २४ गतेको अस्पतालमा भएको 'रेकर्ड' र अस्पतालको प्रमुखले प्रमाणीकरण पठाएपछि मात्र मन्त्रालयले प्रमाणीकरण गरी सूचीकृत गरेको बताए। गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा देशभरिका ९९ अस्पतालमा घाइतेको उपचार भएको थियो।

नयाँ प्रमाणीकरण भएका २२ जनाको नाम गृहमन्त्रालयमा पठाइएको उहाँले बताउनुभयो। जेनजी घाइतेहरूले अध्ययन गर्न कोटा, जागिर र उपचार पाउने गर्दछन्।

# वडाको सीमा विवाद सुल्झाउने मापदण्डको सुझावमाथि अध्ययन जारी

❒ कांक्रेविहार संवाददाता
काठमाडौं, १८ वैशाख

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कतिपय स्थानीय तहका केही वडाहरुको सिमाङ्कनसम्बन्धी समस्याका कारण जनताले भोग्नु परेको समस्यालाई नीतिगतरुपमै समाधान गर्न तयार गरिएको मापदण्डको मस्यौदाका सम्बन्धमा प्राप्त सुझाव अध्ययन गरिरहेको जनाएको छ।

सिमाङ्कन र भू-भाग एकातिर सिफारिस अर्कातिरबाट हुँदा जनतालाई परेको अप्ठेरो र गुनासो सम्बोधन गर्न मन्त्रालयले नीतिगतरुपमै समस्या सुल्झाउन त्यससम्बन्धी कानुन निर्माणका लागि मापदण्डको मस्यौदा तयार गरी आम जनतासँग सुझाव र राय परामर्श माग गरेको थियो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव दीपक ढकालले स्थानीय तहबाट अध्ययन गरी मापदण्डका आधारमा गाउँपालिका महासङ्घ र नगरपालिका संघका पदाधिकारी सँगको छलफल र परामर्शमा मापदण्डको मस्यौदालाई अन्तिमरुप प्रदान गर्न अध्ययन भइरहेको जानकारी दिए।

यसअघि मापदण्डको मस्यौदामा केही छ भने सुझाव पाउ भनी सरोकारवाला पक्षसँग मन्त्रालयले आह्वान गरिसकेको छ।




उपसचिव ढाकालका अनुसार कतिपय स्थानीय तह तथा नगरपालिका, उपमहानगरपालिका गाभिएर महानगरपालिका बनाउन हालको नगरपालिकको वर्गीकरणलाई पुनरावलोकन गर्ने भन्ने विषय पनि उठेको छ।

त्यस्तो अवस्थामा वर्गीकरणमा समेट्न सकिने गरी मापदण्डको मस्यौदाबारे मन्त्रालयमा विभिन्न चरणमा छलफल भइसकेको छ। स्थानीय तह सञ्चालन ऐनमा स्थानीय तहमा साँध सिमाना एक अपसमा गाभिन सक्ने प्रावधान छ ।

मुलुकका झण्डै १०० भन्दा बढी स्थानीय तहबाट स्थानीय तहको केन्द्र परिवर्तनका कुरा पनि उठेको मन्त्रालयले जनाएको छ । वि.स. २०७४ मा ७५३ स्थानीय तह रहने व्यवस्था भएसँगै आम जनताको घर नजिक स्थानीय सरकारका रुपमा पालिका सरकार सञ्चालन छ।

मुलुकमा हाल एक केन्द्र सरकारसहित सात प्रदेश सरकार र ७५३ स्थानीय सरकार अभ्यासमा छन् । हाल मुलुकमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका ४६० गाउपालिका र ६ हजार ७४३ वटा वडा कायम छन् ।

विगतमा स्थानीय तह नाम र सङ्ख्या सिफारिसमा स्थानीय कार्यदलदेखि प्रदेश हुँदै केन्द्रमा आयोग गठन गरी त्यसले दिएको सुझावका आधारमा निर्णय नाम र वडाको संख्या कायम गरिएको हो ।

त्यस बेला स्थानीय तह र वडाको मोटामोटी सिमाङ्कन गरिए पनि साङ्गोपाङ्गो रुपमा फिल्डमा गएर चुस्तदुरुस्त गर्न सकेको थिएन । जसका कारण अभ्यासका क्रममा केही वडाको भूगोल र सीमाना फेरबदल पर्न गएको मन्त्रालयको भनाइ छ।

मापदण्डसम्बन्धी मस्यौदामाथि सुझाव दिने क्रममा आम जनताबाट केही वडाको सीमा बढाउन, गाभ्न र छुट्याइ अनुरोध भएको पाइएको छ ।

मन्त्रालयले व्यवहारिक र विधिसम्मत प्राप्त सुझावलाई मस्यौदामा समावेश गर्ने जनाएको छ।

स्थानीय तहको सीमा क्षेत्रका रुपमा रहेको खोला र नदिबीचको भू-भाग कस्तो हुने भन्ने तथा दुई वा दुईभन्दा बढी स्थानीय तह गाभिने कार्य प्रक्रिया के-कसरी सरलीकरण गर्नसकिन्छ भनी मन्त्रालयले रायसुझाव लिएको जनाएको छ।

# प्रदेश अस्पतालमा हेलिप्याडको सफल परीक्षण उडान



❒ कांक्रेविहार संवाददाता
सुर्खेत, १८ वैशाख

भौतिक रूपमा सम्पन्न बन्दै गइरहेको कर्णाली प्रदेश अस्पतालमा हेलिप्याडको प्राविधिक जाँच तथा परीक्षण उडान सफल भएको छ।

वीरेन्द्रनगरस्थित कालागाउँमा रहेको अस्पतालको भवन नै हेली बस्न मिल्ने गरी निर्माण गरिएको थियो। शुक्रबार नेपाली सेनाको उत्तर-पश्चिम पृतना हेडक्वार्टर सुर्खेतसँगको प्राविधिक सहकार्य र समन्वयमा परीक्षण उडान गरिएको अस्पतालका सूचना अधिकारी समेत रहेका उपसचिव अनिता ज्ञवालीले बताइन्।

'आकस्मिक स्वास्थ्य सेवालाई थप द्रुत, सहज र प्रभावकारी बनाउने उद्देश्यले अस्पतालमै हेलिप्याड बनाइएको हो,'उनले भनिन्, 'यसले कर्णालीका हिमाली तथा पहाडी जिल्लाबाट आकस्मिक रूपमा हेलिकप्टोरबाट उद्धार गरेका बिरामीलाई हेलिकप्टरले अस्पतालमै ल्याउने छ ।' यसअघि हेलिकप्टरमा उद्धार गरेका बिरामीहरूलाई विमानस्थलमै ल्याण्ड गर्नुपर्ने अवस्था थियो । त्यहाँबाट एम्बुलेन्समार्फत अस्पताल ल्याउनुपर्थ्यो।

ज्ञवालीले हेलिप्याडको सञ्चालनले कर्णालीका दुर्गम क्षेत्रका बिरामीहरूको शीघ्र उपचारमा महत्त्वपूर्ण भूमिका खेल्ने बताइन्।

# हुम्लामा पनि डेंगुका बिरामी फेला

❒ कांक्रेविहार संवाददाता
हुम्ला, १८ वैशाख

जिल्ला अस्पताल सिमकोटमा एक जना डेंगु सङ्क्रमित फेला परेका छन्। अस्पतालमा उपचाररत सिमकोट गाउँपालिका-२ का ४५ वर्षीय मोती सुनारको स्वाब परीक्षण गर्दा डेङ्गु पुष्टि भएको स्वास्थ्य सेवा कार्यालयका प्रमुख चिकित्सक उमाकान्त तिवारीले बताए।

स्वतन्त्र प्रेस, सबल लोकतन्त्र ।

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं ।

हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

लेबल, स्टिकर, ब्रोसर, पम्प्लेट, क्लेन्डर, पोस्टर
सरकारी फारम, भौचर, चलानी, बिलबुक
पुस्तक, नोटबुक, डायरी, रिपोर्ट, म्यागेजिन, पत्रिका
आइडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

GLOBAL OFFSET PRESS
offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८६६५६११४८

कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)